**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम**

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको आ.व. २०७८।७९ को तेश्रो त्रैमासिक (माघ - चैत्र) प्रगति विवरण



नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं

# त्रैमासिक प्रतिवेदन (२०७८ माघदेखि २०७८ चैत्रसम्म)

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको स्वरुप र प्रकृति

विश्वका हरेक मुलुकमा व्यक्ति विशेषको प्रमाणीकरणका लागि सरकारको तर्फबाट नागरिक पहिचान पत्र प्रदान गर्ने गरेको पाइन्छ। नेपालमा पनि सरकारको तर्फबाट नागरिक लागिलाई प्रदान गर्ने सेवा तथा सरकारको नियन्त्रण एवं अनुगमनमा अन्य सार्बजनिक निकायले प्रदान गर्ने सेवाका लागि सरकारबाट जारी गरिएको व्यक्ति पहिचान पत्रलाई उपयोग गरी सार्वजनिक सेवा प्रवाह गर्ने कार्य भैरहेको छ। नेपालमा नागरिक पहिचानको मुख्य आधारको रुपमा नेपाली नागरिकता प्रमाण पत्र प्रदान गर्ने अभ्यास विगत लामो समयदेखि हुँदै आएको छ। एकीकृत, सुदृढ एवं प्रविधिमैत्री प्रणालीको अभावमा एउटै मानिसका विभिन्न ठाउँमा फरक-फरक पहिचान हुन सक्ने सम्भावना रहेको अवस्थामा सर्वप्रथम आर्थिक वर्ष २०६६।०६७ को बजेट वक्तव्यको शान्ति सुरक्षा जनताको अपेक्षा शीर्षकमा “सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रुपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटो सहितको बायोमेट्रिक स्मार्टकार्ड वितरण गरिने छ। वृद्ध भत्ता तथा अन्य सामाजिक सुरक्षा भत्ताहरु पनि यसै कार्डको प्रयोग गरी जुनसुकै बैंकबाट रकम निकाल्न सकिने व्यवस्था गरिने छ। यो परिचयपत्र सम्बन्धी व्यवस्थाको कार्यान्वयन, व्यक्तिगत घटना दर्ताको केन्द्रीय अभिलेखन र सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनका लागि एउटा छुट्टै केन्द्रीय निकाय खडा गरिने छ” भनी उल्लेख गरिएको थियो।

नेपाल सरकारको २०६७।३।१६ गते को निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०६७।४।१ गते राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रको स्थापना भयो। त्यस्तै तत्कालीन स्थानिय बिकास मन्त्रालय अन्तर्गत विभागीय निकायको रुपमा मिति २०७१।६।३० मा पञ्जीकरण बिभागको स्थापना भयो। नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०७५/०६/२८ गतेको निर्णय अनुसार गृह मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय परिचयपत्र व्यबस्थापन केन्द्र र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र बसाइँ सराइँ जस्ता व्यक्तिगत घटनाहरुको दर्ता व्यवस्थापन एवं नियन्त्रण र सामाजिक सुरक्षा कार्यक्रमको सञ्चालन व्यवस्थापनको प्रमुख जिम्मेवारी रहेको केन्द्रीय पञ्जीकरण बिभाग एकीकरण भई गृह मन्त्रालय अन्तर्गत रहने गरी **राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग** गठन भएको छ।

नेपाल सरकारको कार्य विभाजन नियमावली अनुसार गृह मन्त्रालयको कार्यक्षेत्र भित्र राष्ट्रिय परिचयपत्र व्यवस्थापन, पञ्जीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन सम्बन्धी विषय उल्लेख भएकोले यस विभागले सम्पादन गर्ने कार्यहरु मुलुकको शान्ति, सुरक्षा, सुव्यवस्था एवं सुशासन र समृद्धिसँग प्रत्यक्ष सम्बन्धित रहेको छ।

नेपालको संविधानको धारा १५ मा नेपालको प्रत्येक नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने व्यवस्था छ भने धारा ५१ (च) (५) “राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने।”, धारा ५१ (च) (७) “एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना

प्रणाली विकास गरी नागरिकका सबै प्रकारका सूचना र विवरणहरु एकीकृत रुपमा व्यवस्थापन गर्ने तथा यसलाई राज्यबाट उपलव्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आवद्ध गर्ने ।" धारा ५१ (च) (८) "जनसांख्यिक तथ्यांकलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने ।" धारा ४३ "आर्थिक रुपले विपन्न, अशक्त र असाहय अवस्थामा रहेका, असाहय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातीका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ।" संवैधानिक व्यवस्था रहेको छ।राष्ट्रिय परिचयपत्र व्यवस्थापन, पञ्जीकरण व्यवस्थापन र सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापनको क्रममा सरकारका विभिन्न नीति कार्यक्रम तथा बजेटमा प्रत्येक नागरिकलाई बहुउपयोगी राष्ट्रिय परिचयपत्रको रुपमा बायोमेट्रिक स्मार्टकार्ड वितरण गर्ने परिकल्पना गरेको देखिन्छ। विभिन्न दस्तावेजमा उल्लेख भएको सन्दर्भलाई राष्ट्रिय परिचयपत्र सम्बन्धी राष्ट्रिय नीतिको रुपमा विश्लेषण गरिएको छ।

**पन्ध्रौं योजना:** पन्धौं योजनाले नागरिकका सूचना र विवरण सहितको राष्ट्रिय परिचयपत्र प्रणाली विकास गरी अर्थतन्त्रको औपचारिकीकरण तथा सुशासन प्रवर्द्धन गर्ने उद्धेश्यका साथ राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रमलाई रुपान्तरणकारी आयोजना (Game Changer Program) का रुपमा लिएको ।

**नेपाल सरकारको नीति तथा कार्यक्रम (आ.व. २०७७/७८):** नागरिकका वैयक्तिक तथा जैविक विवरण समेटिएको एकीकृत राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास गरी आगामी तीन वर्षभित्र सबै नागरिकलाई पृथक नम्वर सहितको राष्ट्रिय परिचयपत्र वितरण गरिने कुरा उल्लेख भएको।

**डिजिटल नेपाल फ्रेमवर्क, २०७६ मा रहेको व्यवस्था:** डिजिटल नेपाल फ्रेमवर्क कार्यक्रम कार्यान्वयन योजनामा क्र.सं. १४ को पहल/संकेत ०१.१४ मा राष्ट्रिय बायोमेट्रिक परिचयपत्र लागू गर्ने व्यवस्था रहेको छ।

**आ. व. २०७७/०७८ को बजेट वक्तव्य:** सबै नेपालीको बायोमेट्रिक पहिचान र पृथक नम्वर सहितको राष्ट्रिय परिचयपत्र वितरण गर्न आगामी आ.व २०७७/०७८ मा थप १ करोड नागरिकको विवरण विद्युतीय प्रणालीमा अद्यावधिक गरिने कुरा उल्लेख भएको थियो भने आ.व. २०७८।७९ को बजेट मार्फत ७० लाख नागरिकको विवरण संकलन गरी ३० लाख नागरिकलाई राष्ट्रिय परिचयपत्र कार्ड वितरण गर्ने व्यवस्था गरिएको छ।

## गृह प्रशासन सुधार योजना, २०७८

### क) नीतिगत र कानूनी सूधार

- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ संशोधन गर्ने,
- १ वर्षभित्र व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यविधि तर्जुमा,
- १ वर्षभित्र एकिकृत सामाजिक लगत (ISR) सम्बन्धी कार्यविधि/मापदण्ड तर्जुमा गर्ने,
- अभियान अवधिभर राष्ट्रिय माहौल सिर्जना गर्ने र अन्तर आवद्धतामा सरोकारवाला निकायहरुको चासो र सरोकारमा अभिबृद्धि गर्ने।

### ख) शान्ति सुरक्षा र अपराध नियन्त्रण

- राष्ट्रिय परिचयपत्रको विवरण संकलन अभियानमा शान्ति सुरक्षाको आवश्यक व्यवस्था गर्नपर्ने,

**ग) संगठनात्मक सुधार एवं भौतिक पूर्वाधार निर्माण**

- १ वर्षभित्रमा O & M Survey गरी आवश्यक कर्मचारीको दरबन्दी कायम गर्ने।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको लागि थप भवनको व्यवस्था गर्नुपर्ने,

**घ) जनशक्ति व्यवस्थापन तथा क्षमता विकास**

- राष्ट्रिय परिचयपत्र, व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षासँग सम्बद्ध सबै निकायको निरन्तर संस्थागत क्षमता विकास गर्ने

**च) सेवा प्रवाह र सुशासन**

- २ वर्षभित्र २ (दुई) करोड नागरिकको राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन गर्ने।
- २ वर्षभित्र १ (एक) करोड नागरिकलाई राष्ट्रिय परिचयपत्रको वितरण गर्ने।
- २ वर्षभित्र व्यक्तिगत घटना दर्ताको पहुँच विस्तार गरी ८० प्रतिशत सम्म पुर्याउने।
- २ वर्षभित्र अनलाईन व्यक्तिगत घटना दर्ता सम्पुर्ण (६७४३) वडामा विस्तार गर्ने।
- २ वर्षभित्र सबै स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्न व्यवस्था मिलाउने।

**छ) अध्ययन अनुसन्धान तथा सूचना प्रविधिमा आधारित गृह प्रशासन**

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली (VERSP-MIS) लाई सुदृढीकरण गर्ने।

**ज) समन्वय सहजीकरण**

- २ वर्षभित्र राष्ट्रिय परिचयपत्र व्यवस्थापन प्रणाली (NIDMIS) सँग अन्य निकायको सेवा प्रवाह सम्बन्धी रहेका विद्युत्तीय प्रणालीलाई आवद्ध गर्ने।

**<u>राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको काम, कर्तव्य र अधिकार</u>**

- राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र संचालन गर्ने।
- नागरिकका वैयक्तिक र जैविक विवरण संकलन, भण्डारण र प्रशोधन गर्ने।
- राष्ट्रिय परिचय नम्बर सहितको परिचयपत्र वितरण र सार्वजनिक सेवासँग आबद्धता गर्ने।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी नीतिगत व्यवस्थापन गर्ने।
- व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणालीको विकास, स्थापना र संचालन गर्ने।
- व्यक्तिगत घटनाको वैज्ञानिक रूपमा दर्ता एवं अभिलेखीकरण गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरणमा प्रभावकारिता ल्याउन नीतिगत व्यवस्थापन गर्ने।
- सामाजिक सुरक्षा भत्ता वितरणमा आधुनिकीकरण गर्ने।
- व्यवस्थापन सूचना प्रणालीको विकास गरी उक्त प्रणालीमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरूको विवरण प्रविष्टि र व्यवस्थापन गर्ने।

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागमा रहने कर्मचारी संख्या र कार्य विवरण

नेपाल सरकार

गृह मन्त्रालय

अनुसूची - १

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको संगठन संरचना

**महानिर्देशक**
स.स., रा.प.प्र. (प्रशासन) - १

### प्रशासन, योजना तथा अनुगमन शाखा
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**प्रशासन**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- क.अधिकृत, रा.प.तृ.(विविध) - १
- ना.सु., रा.प.अनं. (प्र./सा.प्र.) - २
- क.अ., रा.प.अनं.प्र. (विविध) - १
- ह.स.चा.श्रेणीविहीन (*करार*) - ५
- का.स. श्रेणीविहीन (*करार*) - ६

**योजना अनुगमन तथा समन्वय**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - २

**जिन्सी**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १

**आर्थिक प्रशासन**
- ले.अ., रा.प.तृ. (प्र./ले.) - १
- ले.पा., रा.प.अनं.प्र. (प्र./ले.) - १

### राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**परिचयपत्र**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- ना.सु., रा.प.अनं. प्र. (प्र./सा.प्र.) - १
- क.अ., रा.प.अनं.प्र. (विविध) - १

### पञ्जिकरण शाखा
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**पञ्जिकरण**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १
- क.अ., रा.प.अनं.प्र. (विविध) - १

### सामाजिक सुरक्षा शाखा
निर्देशक, रा.प.द्वि. (प्र.सा.प्र.) - १

**सामाजिक सुरक्षा**
- शा.अ., रा.प.तृ. (प्र./सा.प्र.) - १
- ना.सु., रा.प.अनं.प्र. (प्र./सा.प्र.) - १
- क.अ., रा.प.अनं.प्र. (विविध) - १

### सूचना प्रविधि शाखा
सू.प्र.नि., रा.प.द्वि. (विविध) - १

**प्रणाली विकास, प्रशोधन तथा छपाई**
- क. इन्जि., रा.प.तृ. (विविध) - २
- क. अधिकृत, रा.प.तृ.(विविध) - १
- क.अ., रा.प.अनं.प्र. (विविध) - १
- क.टे., रा.प.अनं.प्र. (विविध) (*करार*) -८

**विद्युतिय सेवा समन्वय**
- क. इन्जि, रा.प.तृ. (विविध) - १
- त.अ., रा.प.तृ.(आ.यो.त.त.) - १
- त. सहायक, रा.प.अनं.प्र. (आ.यो.त.त.) - १
- क.टे. ,रा.प.अनं.प्र. (विविध) (*करार*)-४

# हाल विद्यमान रहेको जनशक्ति विवरण स्वीकृत दरबन्दी र पदपूर्ति (स्थायी र करारतर्फ)

| सि.नं. | पद | तह | सेवा/समूह | स्वीकृत दरवन्दी | पदपूर्ति | | | रिक्त |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | काज | करार | |
| १ | महानिर्देशक | रा.प.प्रथम | नेपाल प्रशासन | १ | १ | - | - | ० |
| २ | निर्देशक | रा.प.द्वितीय | नेपाल प्रशासन | ४ | ४ | - | - | ० |
| ३ | सूचना प्रविधि निर्देशक | रा.प.द्वितीय | नेपाल विविध | १ | १ | - | - | ० |
| ४ | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | १० | ७ | ३ | - | ० |
| ५ | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन, लेखा | १ | १ | - | - | ० |
| ६ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | नेपाल विविध | २ | २ | - | - | ० |
| ७ | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | नेपाल विविध | ३ | २ | - | - | १ |
| ८ | नायब सुब्बा | रा.प.अनं.प्रथम | नेपाल प्रशासन | १८ | ६ | ५ | - | ७ |
| ९ | लेखापाल | रा.प.अनं.प्रथम | नेपाल प्रशासन, लेखा | १ | १ | - | - | ० |
| १० | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | नेपाल विविध | ५ | ३ | - | १ | १ |
| ११ | तथ्यांक अधिकृत | रा.प.तृतीय | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | १ | ० | - | - | १ |
| १२ | तथ्यांक सहायक | रा.प.अनं.प्रथम | नेपाल आर्थिक योजना तथा तथ्याङ्क | १ | १ | - | - | ० |
| १३ | कम्प्युटर इन्जिनियर | रा.प.तृतीय | | १० | - | - | ९ | १ |
| १४ | कम्प्युटर टेक्निसियन | रा.प.अनं.प्रथम | | १२ | - | - | ९ | ३ |
| १५ | विवरण दर्ता अपरेटर | | | १०६६ | - | - | ८९० | १७६ |
| १६ | हलुका सवारी चालक | श्रेणीविहीन | | ५ | - | - | ५ | ० |
| १७ | कार्यालय सहयोगी | श्रेणीविहीन | | ८ | - | - | ८ | ० |
| **जम्मा** | | | | ११४९ | २९ | ८ | 921 | 190 |

| सि.नं. | पद | तह | सेवा/ समूह | स्वीकृत दरवन्दी | पदपूर्ति करार | रिक्त |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | Senior Procurement Specialist | | | १ | १ | ० |
| २ | Financial Management Specialist | | | १ | ० | १ |
| ३ | Payment Specialist | | | १ | ० | १ |
| ४ | Monitoring and Evaluation Specialist | | | १ | ० | १ |
| ५ | Communication  Specialist | | | १ | ० | १ |
| ६ | Communication Officer | | | १ | १ | ० |
| ७ | Procurement Officer | | | १ | ० | १ |
| ८ | Program Officer | | | १ | ० | १ |
| ९ | MIS Team Leader | | | १ | १ | ० |
| १० | System Analyst | | | २ | १ | १ |
| ११ | Senior Database Analyst | | | १ | १ | ० |
| १२ | Grievance Manager | | | १ | ० | १ |
| १३ | Senior Software Developer | | | १ | १ | ० |
| १४ | Senior Support Engineer | | | १ | ० | १ |
| १५ | MIS Developer/ Programmer | | | ४ | ३ | १ |
| १६ | MIS Training Support Staff | | | ४ | २ | २ |
| १७ | Technical Document Writer | | | १ | ० | १ |
| १८ | Assistant DBA | | | २ | ० | २ |
| १९ | Senior Account Assistant | | | १ | १ | ० |
| २० | Account Assistant | | | ३ | ० | ३ |
| २१ | Project Admin Assistant | | | २ | २ | ० |
| २२ | MIS Operator | | | १००० | ९९८ | २ |
| २३ | Field Assistant | | | १००० | ९९७ | ३ |
| २४ | Driver (Support Staff) | | | २ | २ | ० |
| २५ | Office assistant (Support Staff) | | | २ | २ | ० |
| **जम्मा** | | | | **२०३६** | **२०१३** | **२३** |

**सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना (SSSPCR) को आयोजना व्यवस्थापन इकाईमा कार्यरत**

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट प्रदान गरिने सेवा

१) प्रत्येक नेपाली नागरिकहरुलाई वैयक्तिक र जैविक विवरण सहितको स्मार्ट कार्ड प्रविधिमा आधारित परिचयपत्र उपलब्ध गराउने र सोको व्यवस्थापन गर्ने,

२) व्यक्तिगत घटना दर्ताको व्यवस्थापन गर्ने,

३) सामाजिक सुरक्षा भत्ताको कार्यक्रम व्यवस्थापन गर्ने।

**<u>राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको शाखा र जिम्मेवार अधिकारी</u>**

- पञ्जीकरण शाखाः निर्देशक, श्री मीना अर्याल
- प्रशासन, योजना तथा अनुगमन शाखाः निर्देशक, श्री लक्ष्मण ढकाल
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाः निर्देशक, श्री ललित कुमार बस्नेत
- सूचना प्रविधि शाखाः सूचना प्रबिधि निर्देशक, श्री मुकेश रेग्मी
- सामाजिक सुरक्षा शाखाः निर्देशक, श्री सागरमणि पाठक

**<u>सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः</u> राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६** र **नियमावली, २०७७** बमोजिम

**<u>निर्णय गर्ने प्रक्रिया र अधिकारीः</u>** सम्बन्धित शाखाबाट पेश भएको टिप्पणीको आधारमा महानिर्देशकबाट निर्णय हुने।

**<u>निर्णय उपर उजुरी सुन्ने अधिकारीः</u>** महानिर्देशक

**<u>दोश्रो त्रैमासिक (२०७८ कार्तिकदेखि पौषसम्म) सम्पादन कार्य विवरणः</u>**

१. <u>राष्ट्रिय परिचयपत्र तर्फ</u>

- **<u>राष्ट्रिय परिचयपत्रको लागि नागरिकको विवरण संकलन;</u>**

  - हालसम्मः ६७७९६४२ जना (अभियानमार्फत ५६५३२०९ र इकाईमार्फत ११२६४३३)

- **<u>२०७८ चैत्र मसान्तसम्म अभियान सम्पन्न</u>**

  - जिल्लाः ईलाम, भोजपुर, ताप्लेजुङ्ग, झापा, पाँचथर, तेह्रथुम, धनकुटा, संखुवासभा, खोटाङ्ग, ओखलढुङ्गा, उदयपुर, सर्लाही, मकवानपुर, चितवन, सिन्धुली, काभ्रेपलाञ्चोक, भक्तपुर, कास्की, पाल्पा, नवलपरासी

(बर्दघाट सुस्ता पुर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), गुल्मी, मनाङ्ग, सल्यान, सुर्खेत, डडेलधुरा, अछाम, कञ्चनपुर डोटी, कैलाली र भक्तपुर (३१ वटा)

- स्थानीय तह: ३३४ वटा

- वडा: ३०४५ वटा

- **<u>२०७८ चैत्र मसान्तसम्म अभियान सञ्चालनमा रहेका जिल्ला:</u>**

  - सुनसरी, मोरङ, सप्तरी, सिन्धुपाल्चोक, ललितपुर, तनहुँ, रुपन्देही, मुस्ताङ, स्याङ्जा, कपिलवस्तु, पर्वत, बर्दिया र रुकुम (पश्चिम) बैतडी (१४ जिल्ला)।

- **<u>२०७८ माघदेखि चैत्रसम्म भएका मासिक प्रगति विवरण:</u>**

| महिना | जम्म विवरण संकलन संख्या (जना) | अभियान मार्फत विवरण संकलन संख्या (जना) | दर्ता इकाई स्टेशन मार्फत विवरण संकलन संख्या (जना) | अभियान सम्पन्न जिल्ला संख्या (वटा) | अभियान सम्पन्न स्थानीय तह संख्या (वटा) | अभियान सम्पन्न वडा संख्या (वटा) |
|---|---|---|---|---|---|---|
| माघ | ४४६७७५ | ३५०११६ | ९६६५९ | १ | २० | १८८ |
| फागुन | ४१३६७८ | २९५०९२ | ११८५८६ | २ | २१ | १५७ |
| चैत्र | ४९४०९९ | ३४४२६७ | १४९८३२ | ३ | १४ | १५२ |
| **जम्मा** | **१३५४५५२** | **९८९४७५** | **३६५०७७** | **६** | **५५** | **४९७** |

- **<u>तालिम</u>**

  - राष्ट्रिय परिचयपत्रको विवरण दर्ता सम्बन्धी ३८ जनालाई विवरण दर्ता अपरेटरलाई ३ दिने तालिम सम्पन्न,

  - वडा स्तरमा अभियान संचालनका लागि जिल्ला स्तरीय कार्यक्रममा ६५६ जना जनप्रतिनिधी र कर्मचारीलाइ क्षमता अभिवृध्दि गोष्ठि, ४४५ जना रुजु अधिकारीलाई तालिम।

- **<u>अन्य</u>**

  - VERSP-MIS को लागि NID Smart Card Reader, Biometric Verification Device खरिद तथा प्रणालीमा Integration गर्ने कार्य मूल्यांकनको अन्तिम चरणमा रहेको,

  - प्रति घण्टा १ हजारबाट २ हजार कार्ड छपाई गर्ने गरी Card Personalization Machine को क्षमता अभिवृद्धि गर्ने सम्बन्धमा छपाई मेशिन खरिदको लागि मेशिनको क्षमता आंकलन, प्राविधिक स्पेशिफिकेशन, लागत अनुमान र बोलपत्र कागजात तयारी समिति गठन गरिएको, लागत अनुमान प्रयोजनार्थ बजार सर्बेक्षणको कार्य भईरहेको,

  - राष्ट्रिय परिचयपत्रको स्मार्ट कार्ड प्राप्ति तथा छपाई र वितरण सम्बन्धी राष्ट्रिय परिचयपत्र प्राप्त गरी Personalization प्रारम्भ भएको,

- राष्ट्रिय परिचयपत्रको Service Integration मा राहदानी विभागसँग System Integration भई राष्ट्रिय परिचयपत्रमार्फत e-Passport लागु भएको। CMIS System Integration भई कार्यान्वयनमा रहेको र VERSP-MIS सँग System Integration भई कार्यान्वयनमा रहेको, संचयकोष र आन्तरिक राजश्वको प्रणालीसँग आबद्धताको चरणमा रहेको,
- राष्ट्रिय परिचयपत्रको विवरण दर्ता अपरेटर १६४ जना छनौट भएका मध्ये ८० जना तत्काल आवश्यकता बमोजिम खटाइने, र ८४ जनालाई पनि आवश्यकता अनुसार काममा खटाइने गरी प्रतिक्षा सूचीमा राखिएको,
- राष्ट्रिय परिचयपत्रको विवरण दर्तामा सेवाग्राहीको चापलाई मध्यनजर गर्दै काठमाडौं महानगरपालिकाका नागरिकको विवरण दर्ताको लागि राष्ट्रिय सभागृहमा ४ वटा स्टेशन व्यवस्था गरिएको छ।

## २. <u>पञ्जीकरण तर्फ</u>

- बैशाख १ देखि ७ गते सम्म व्यक्तिगत घटना दर्ता सप्ताहको क्रममा व्यक्तिगत घटना दर्ता सम्बन्धी सचेतना बढाउन सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट सम्प्रेषण गर्ने र जावलाखेल, कलंकी, रत्नपार्क, चावहील र कोटेश्वरमा मितिः २०७८।१२।२९ र ३० गते स्टल निर्माण गरी प्रचारप्रसार गर्ने कार्य समेत सम्पन्न,
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली २०७७ को नियम १६ (६) मा संशोधन गरी विवाह दर्ता प्रकृया सरलीकरण गरिएको,
- SEE दिने परिक्षार्थीहरुको उमेर हदमा रहेको द्विविधाको सम्बन्धमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयसँग आवश्यक समन्वयात्मक बैठक बसी सबै स्थानीय तह तथा शिक्षा इकाइहरुमा परिपत्र गर्ने निर्णय भएको,
- SSSPCR परियोजना अन्तर्गत सूचकमा आधारित शोधभर्ना -४ को लागि प्रमाणीकरण एजेण्ट छनौट गर्नका लागि आन्तरिक खरिद प्रकृया पूरा गरी सूचना प्रकाशन गरिएको,
- VERSP-MIS को GAP Analysis गर्ने सन्दर्भमा सार्वजनिक खरिद ऐन बमोजिम परामर्शदाता छनौट गरी सम्झौता गरिएको,
- SSSPCR परियोजना अन्तर्गत सूचकमा आधारित शोधभर्ना (Disbursement Link Indicator) सूचक प्राप्ति भए नभएको प्रमाणीकरण गर्नको लागि प्रमाणीकरण एजेन्ट छनौट गर्ने सन्दर्भमा विभागबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम परामर्श सेवा लिने सम्बन्धी सूचना अनुसार प्रस्ताव पेश गर्न परामर्शदाताको प्रस्तावित बजेट लागत अनुमान भन्दा बढी भएको हुँदा खरिद प्रक्रिया रद्द गरी नयाँ प्रक्रिया शुरु भएको,

- विदेशस्थित नियोगमा घटना दर्ता गर्न स्थानीय पञ्जीकाधिकारी तोक्ने सम्बन्धमा कन्सुलर सेवा विभागसँग बैठक सम्पन्न गरिएको,
- व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा र राष्ट्रिय परिचयपत्र सम्बन्धी सूचना सामाग्री प्रचार प्रसार गर्ने सन्दर्भमा मिडिया फर्म मार्फत घटना दर्ता सम्बन्धी सचेतना बढाउनका लागि सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट सम्प्रेषण गर्ने जिङ्गल तथा अन्य सामाग्रीहरु तयार गरिएको,
- व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा सम्बन्धी दर्ता शिविरको लागि २७९ र व्यक्तिगत घटना दर्ताका पुराना अभिलेखको डिजिटाइजेसनको लागि ८ वटा स्थानीय तहमा बजेट पठाइएको,
- सवै स्थानीय तहमा रहेका MIS Operator र Field Assistant को लागि यस आर्थिक वर्षको बजेटमा रहेको बढ तलबको रकम पठाइएको,
- घटना दर्ता शिविर सञ्चालनका लागि बाँकी रहेको सबै स्थानीय तहहरुमा शिविर सञ्चालनको मार्गदर्शन सहित आवश्यक बजेट पठाइएको,
- **अनलाईन मार्फत चैत्र मसान्तसम्म भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी कूल विवरणः**
  - अनलाईन व्यक्तिगत घटना दर्ता गर्ने वडा संख्या – ५९६९
  - जन्म -१७५७२२७
  - मृत्यु - ४५२१९९
  - विवाह - ७०५८८२
  - सम्बन्ध विच्छेद - २२९९२
  - बसाई सराई - ३७८८८५
  - **कूल जम्मा घटना दर्ता संख्या – ३३१७१८५**

- **अनलाईन मार्फत माघदेखि चैत्रसम्म मासिक रुपमा दर्ता भएका व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरणः**

| महिना | अनलाईन मार्फत दर्ता भएका संख्या (वटा) | | | | | | अनलाइन मार्फत शुरुवात गर्ने वडा संख्या (वटा) |
|---|---|---|---|---|---|---|---|
| | जन्म | मृत्यु | विवाह | बसाइ सराइ | सम्बन्ध विच्छेद | जम्मा | |
| माघ | ६०७३२ | १६३७६ | २८२४५ | १५४४३ | १०९२ | १२१८८८ | ७३ |
| फागुन | ८२३४९ | २०५८० | ३४५१५ | १७०६५ | १५०९ | १५६०१८ | १११ |
| चैत्र | ७८७५९ | १६९३५ | ३३८८४ | १४८१५ | १६३७ | १४६०३० | ७५ |
| **जम्मा** | **२२१८४०** | **५३८९१** | **९६६४४** | **४७३२३** | **४२३८** | **४२३९३६** | **२५९** |

**<u>सामाजिक सुरक्षा भत्ता तर्फ</u>**

- सामाजिक सुरक्षा भत्ता अनिवार्यरुपमा बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्ने सन्दर्भमा स्थानीय तहहरुमा आइपर्ने समस्याहरुको समाधानका लागि "स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग समस्या समाधान तथा सहजीकरण समिति" गठन गर्न गृह मन्त्रालयको मिति २०७८/१२/७ (सचिवस्तर) को निर्णय अनुसार सबै पालिकाहरुले सो बमोजिमको समिति गठन गर्न जानकारी पठाइएको।
- हालसम्म बैंक शाखा नपुगेका तीनवटा स्थानीय तह रुवी भ्याली गाउँपालिका, धादिङ, जुनीचाँदे गाउँपालिका जाजरकोट र काँडा गाउँपालिका (नाम परिवर्तन साईपाल गाउँपालिका, बझाङ) लगायतलाई समेत बैंक शाखा स्थापना नभएसम्म चालु आ.ब को असार मसान्त सम्मको लागि सामाजिक सुरक्षा भत्ता नगदै वितरण गर्न अनुमति दिने सम्बन्धमा आवश्यक निर्णयका लागि गृह मन्त्रालय पठाइएको,
- जन्मको आधारमा नेपाली नागरिकता प्रमाणपत्र लिएका नागरिकका सन्तानहरुले पूर्ण अपाङ्गता तथा अति अशक्त अपाङ्गताको वर्गमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि बालिग भइसकेको अवस्थामा अनिवार्य नेपाली नागरिकता प्रमाणपत्र आवश्यक पर्ने भएका कारण बैंक खाता खोल्न नसकिएकोले सो वर्गलाई भत्ता वितरण गर्न कठिनाई भएको भनी विभिन्न स्थानीय तहबाट गुनासो तथा समस्या प्राप्त भएकोले सो सम्बन्धमा बाबु वा आमाको नेपाली नागरिकताको प्रमाणपत्र, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको जन्म दर्ता प्रमाणपत्र, बाबु आमासँगको नाता प्रमाणित पत्र, र सम्बन्धित स्थानीय तहको सिफारिस पत्रको आधारमा लाभग्राहीहरुको बैंक खाता खोल्ने व्यवस्था गर्न विभागको मिति २०७८/१२/०७ को निर्णयानुसार सबै पालिकाहरुमा पत्राचार गरिएको,
- विगत २०७६ देखि मानव सेवा आश्रम, आमाको घर नेपाल र HIV शिक्षा सदनमा रहेका आश्रितहरुलाई गत आ.व. मा प्रदान गरिएको भत्ता रकममा ३३% भत्ता थप गरी भत्ता दिने २०७८/०९/३० को मन्त्रि परिषदको निर्णय भएको,
- मानव सेवा आश्रमको संरक्षणमा रहेका सडक वेवारिसे आफन्तबाट अपहेलित भई असक्त र असहाय अवस्थामा रहेका र आफ्नो हेरचाह आफै गर्न नसक्ने व्यक्तिलाई प्रति व्यक्तिको दरले हुने सामाजिक सुरक्षा भत्ता बराबरको रकम उपलब्ध गराउन नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/९/३० को निर्णय बमोजिम चालु आ.व २०७८/०७९ श्रावण १ देखि लागु हुने गरी सम्झौता नविकरण गरिएको, सोही बमोजिम रु. ३,२०,०४,९८०/- (तीन करोड बिस लाख चार हजार नौ सय असी रुपैंया) निकासा पठाइएको,
- सुदूरपश्चिम प्रदेशको धनगढीमा "सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारितामा सरकार र नागरिकको भूमीका" विषयक प्रदेशस्तरीय सार्वजनिक सुनुवाई र बाँके जिल्लाको, कोहलपुर, डडेल्धुरा जिल्लाको अमरगढी र दोलखा जिल्लाको भिमेश्वर नगरपालिकामा जिल्लास्तरीय "सामाजिक सुरक्षा कार्यक्रमको

प्रभावकारितामा सरकार र नागरिकको भूमीका" विषयक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको,

- एकिकृत सामाजिक लगत (ISR) को Framework स्वीकृतिका लागि गृह मन्त्रालय मार्फत अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा पठाईएको,
- सामाजिक सुरक्षा भत्ता समयमा नवीकरण नगरी छुट भएका १७ जिल्लाका २१ स्थानीय तहहरुका ८५५३ जना लाभग्राहीहरुको गृह मन्त्रालय (माननीय मन्त्री स्तरीय) अनुसार नवीकरण कार्य सम्पन्न गरिएको,
- बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी बैंकिङ समस्या समाधान तथा सहजीकरण समितिको वैठक मिति २०७८/११/१२ गते सम्पन्न भएको,
- बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैंकसँग सम्झौता गरेका स्थानीय तहको संख्या हालसम्म ७३८ रहेको।
- चैत्र मसान्तमा रहेको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने MIS Online मा प्रविष्टी भएको लाभग्राहीको संख्या:

  - जेष्ठ नागरिक (७० वर्ष भन्दा माथि) १२६९१४०
  - जेष्ठ नागरिक (क्षेत्र तोकिएको तथा दलित ६० वर्ष उमेर पुगेका) २१५६१०
  - जेष्ठ नागरिक (एकल महिला) २७७३४०
  - विधवा ३६२६०५
  - पुर्ण अपाङ्गता (क वर्ग) ६१७७४
  - अति अशक्त अपाङ्गता (ख वर्ग) १२४७६५
  - लोपोन्मुख जाती २२६३७ (बालबालिका ४३०)
  - बालबालिका ११६६५१५ (दलित ३९४३७५ र क्षेत्र तोकिएको ७७२१४०)

  **कुल जम्मा ३४९३८७५**

<u>**व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता सम्बन्धी अभिमुखीकरण तथा तालिम तर्फ**</u>

- सातवटै प्रदेशका स्थानीय तहमा कार्यरत आर्थिक प्रशासन शाखा प्रमुख र MIS Operator हरुलाई ZOOM मार्फत SSSPCR अन्तर्गत स्थानीय तहलाई विनियोजित बजेट र त्यसको कार्यान्वयनको अवस्थाका बारेमा लेखा सम्बन्धी तालिमको सुरुवात भएको,
- VERSP-MIS प्रणाली सञ्चालन सम्बन्धी ५८० जना स्थानीय तहका सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा प्रमुख, IT officer र सेवा ईकाइका कर्मचारीलाई TOT तालीम प्रदान गरिएको,
- VERSP-MIS प्रणाली सञ्चालन सम्वन्धी सेवा इकाईका १३२ जना कर्मचारीलाई पुनःताजगी तालीम प्रदान गरिएको,

- VERSP-MIS प्रणाली सञ्चालन सम्वन्धी २५७ जना स्थानीय पञ्जीकाधिकारी र सेवा ईकाइका कर्मचारीलाई तालिम प्रदान गरिएको,
- व्यक्तिगत घटना दर्ता सामाजिक सुरक्षा सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था सम्बन्धी १७९१ जना स्थानीय तहका जनप्रतिनीधी, कर्मचारी, वडा सचिव लगायत बैंकका कर्मचारीलाई अभिमुखिकरण प्रदान गरिएको,

**प्रशासन र योजना तर्फ**

- आ.व. २०७७/७८ को वार्षिक तथा आ.व. २०७८/७९ को अर्धवार्षिक प्रगति समिक्षाको २ दिने गोष्ठि सम्पन्न,

**गुनासो सम्बोधन तर्फ**

- चैत्र महिनासम्म गुनासो व्यवस्थापन प्रणाली मार्फत प्राप्त गुनासो दर्ता भएको संख्या: ८९६ वटामध्ये विभागसँग सम्बन्धित ३११ वटा रहेका छन्। जसमध्ये ३०५ वटा सम्बोधन गरिएको बाँकी ६ वटा प्रक्रियामा रहेको,
- चैत्र महिनासम्ममा ईमेल मार्फत प्राप्त भएका गुनासो कुल जम्मा १५८ वटा गुनासो रहको मध्ये १५५ वटा सम्बोधन गरिएको र ३ वटा प्रक्रियामा रहेको,
- चैत्र महिनासम्ममा हेलो सरकार मार्फत प्राप्त गुनासा १३३ वटामध्ये १३३ वटा र माघदेखि चैत्रसम्म फर्छौट भएको,

**चालु आ.व.मा पौष मसान्तसम्मको भौतिक प्रगति**

**आ.व. २०७८/०७९ चैत्र मसान्तसम्मको Milestone प्रगति विवरण**

| कार्यक्रम | मुख्य क्रियाकलाप संख्या | Milestone को संख्या | Milestone को संख्याको आधारमा प्रगति अवस्था | | | |
|---|---|---|---|---|---|---|
| | | | पूर्ण (१००% प्रगति) | आंशिक (५०-९०% प्रगति) | आंशिक (२०-५०% प्रगति) | आंशिक (0-२०% प्रगति) |
| राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता | १० | २३ | ६ | ३ | ४ | १० |
| सामाजिक सुरक्षा तथा | ३ | ७ | १ | १ | ० | ५ |
| जम्मा | १३ | ३० | ७ | ४ | ४ | १५ |
| **प्रगति प्रतिशत** | | | २३.३४ | १३.३३ | १३.३३ | ५०.०० |

## वितीयतर्फ प्रगति

| ब. उ. शि. नं. ३१४०१०११३/४ चालु आ. ब. २०७८/७९ को चैत्र महिनासम्मको खर्चको स्थिति विबरण/खर्च प्रतिशत (रकम रु. हजारमा) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बजेटको प्रकार | कुल बजेट | | | महिनासम्मको खर्च | | | खर्च प्रतिशत | |
| | GoN | IDA | Total | GoN | IDA | Total | GoN | IDA |
| पुँजिगत | ३७६५०० | २१३२०० | ५८९७०० | १०८२६१.०२ | ७६५२५.६८ | १८४७८६.७० | २८.७५ | ३५.८९ |
| चालु | १६८४००४ | ७५९३०० | २४४३३०४ | ११७९०६९.६९ | ३५४११२.७३ | १५३३१८२.४२ | ७०.०२ | ४६.६४ |
| **जम्मा** | **२०६०५०४** | **९७२५००** | **३०३३००४** | **१२८७३३०.७०** | **४३०६३८.४१** | **१७१७९६९.११** | **५६.६४** | |

## सूचना अधिकारी र प्रमुखको नाम र पदः-

प्रमुखः महानिर्देशक, श्री तिर्थराज भट्टराई

सूचना अधिकारीः निर्देशक, श्री लक्ष्मण ढकाल

## ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४
- नेपाल सरकार कार्यविभाजन नियमावली (गृह मन्त्रालयको कार्यक्षेत्रमा परेको)
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, (पहिलो संशोधन) २०७८
- सामाजिक सुरक्षा ऐन, २०७५ तथा नियमावली, २०७६
- सामाजिक सुरक्षा भत्ता वितरण सम्वन्धी कार्यविधि, २०७७
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्बन्धी आर्थिक निर्देशिका, २०७७
- राष्ट्रिय परिचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि २०७७
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन रणनीतिक योजना, २०७५/७६ - २०७७/७८
- सामाजिक सुरक्षा ऐन, २०७५ को पहिलो संशोधन अध्यादेश, २०७७ स्वीकृत भई कार्यान्वयनमा रहेको,
- विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति ,२०७४ को पहिलो संसोधन, २०७६
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७४ (दोश्रो संशोधन, २०७६)
- व्यक्तिगत घटना दर्ता तथा तथ्यांक व्यवस्थापन रणनीति, २०७६ (Strategy of Civil Registration and Vital Statics, 2019)

- नेपाल सरकारका निर्णय तथा परिपत्रहरु,

**राष्ट्रिय परिचयपत्रको वेभसाईट भए सोको विवरण:** https://donidcr.gov.np

**सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण:** विश्व बैंकको सहयोगमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना संचालन भईरहेको।

**सार्वजनिक निकायमा परेको सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः** औपचारिक रूपमा सूचना माग नभएपनि विभागसँग सम्बन्धित सूचनाहरू सम्प्रेशण भैरहेको।

**समाप्त**